# रोजगार व्यवस्थापन सूचना प्रणालीमा आ.व. २०७८/०७९ का लागि बेरोजगार व्यक्तिहरूको विवरण प्रविष्टि गर्ने बारे अत्यन्त जरूरी सूचना

**रोजगारीको हक सम्बन्धी ऐन, 2075 को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, 2075 को नियम 7 र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, 2075 (पहिलो संसोधन २०७७) को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष 207८/०7९ मा न्यून आय भएका वा स्वरोजगार समेत नरहेका अठार बर्ष देखि उनान्साठी बर्ष उमेर समूहका बेरोजगार नागरिकले 207७ फागुन १ देखि फागुन मसान्त सम्ममा आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन बारे सूचना प्रकाशित गरिएको व्यहोरा विदितै छ।**

**आ.व. २०७८/०७९ को लागि सबै स्थानीय तहहरूमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार व्यक्तिहरूको सूची रोजगार व्यवस्थापन सूचना प्रणाली(EMIS)मा प्रविष्टि गर्नका लागि मिति २०७७/१२/१ देखि २०७७/१२/३० सम्म EMIS मा प्रविष्टि हुने व्यवस्था मिलाइएकोले सोही अनुसार प्रविष्टि गर्नुहुन जानकारी गराइन्छ ।**

**मिति २०७७/११/२९ गते शनिवार रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) को सफ्टवेयर अद्यावधिक गर्नुपर्नेभएकोले उक्त दिन EMIS बन्द रहने व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।**